के.आई.सिंह गाउँपालिका
K. I. Singh Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
वायल,डोटी
Wayal, Doti
सुदूरपश्चिम प्रदेश,नेपाल
Sudurpaschim Province, Nepal

पत्र संख्या: २०८२/८३
चलानी नम्बर: ६८

के.आई.सिंह गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वायल, डोटी सुदूरपश्चिम प्रदेश नेपाल २०७३

मिति: २०८३।०४।२९

**विषय: नियमावली बमोजिम आवश्यक कार्यान्वयन गर्ने सम्बन्धमा।**

श्री सबै सामुदायिक विद्यालयहरू,
के. आई. सिंह गाउँपालिका, डोटी।

उपरोक्त विषयमा विद्यालय शिक्षालाई प्रभावकारी र व्यवस्थित रूपमा सञ्चालन गर्न **शिक्षा नियमावली, २०५९ (दशौँ संशोधन सहित)** कार्यान्वयनमा रहेको व्यहोरा सर्वविदितै छ। सोही सन्दर्भमा शिक्षा विकास तथा समन्वय एकाइ, डोटीको चलानी नं. १०१, मिति २०८३/०४/२६ को प्राप्त पत्रबाट **शिक्षा नियमावली, २०५९ (दशौँ संशोधनसहित)** को व्यवस्थाहरू तत्काल कार्यान्वयन गर्न गराउन हुन तथा सोको जानकारी पठाउन हुन भनी लेखी आएकोले सो नियमावलीमा भएको देहाय बमोजिमका व्यवस्थाहरू तत्काल कार्यान्वयन गरी सोको जानकारी यस गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा गराउन हुन अनुरोध गरिन्छ।

हिमाल डंगौरा
(प्रमुख प्रशासकीय अधिकृत)

हिमाल डंगौरा
प्रमुख प्रशासकीय अधिकृत

**तपसिल:**

१. **व्यवस्थापन समिति सम्बन्धी:** नियमावलीको नियम २९ को (ज) अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य हुनका लागि समिति गठन हुनुभन्दा **कम्तीमा ५ (पाँच) वर्ष अगाडि देखि कुनै पनि राजनीतिक दलको सदस्यता नलिएको** हुनुपर्ने व्यवस्थालाई कडाइका साथ पालना गर्ने/गराउने।

२. **प्रधानाध्यापक सम्बन्धी:** नियमावलीको नियम ९३ मा उल्लेखित प्रधानाध्यापक सम्बन्धी व्यवस्थालाई सोही अनुसार पूर्ण रूपमा कार्यान्वयन गर्ने।

**बोधार्थ:**

श्री अध्यक्ष ज्यू, केआई सिंह गाउँपालिका (जानकारीका लागि)।
श्री उपाध्यक्ष ज्यू, केआई सिंह गाउँपालिका (जानकारीका लागि)।
श्री शिक्षा विकास तथा समन्वय एकाइ, डोटी (जानकारीका लागि)।

नेपाल सरकार
शिक्षा तथा खेलकुद मन्त्रालय
शिक्षा विभाग
शिक्षा विकास तथा समन्वय एकाइ
डोटी

फोन नं. ०९४-४२०१३५
०९४-४२०२३५
इमेल ठेगाना :
deodoti70@gmail.com

पत्र संख्या : २०८३।०८४
चलानी नं. : ९०१

मिति : २०८३।०४।२६

विषयः- आवश्यक कार्यान्वयन सम्बन्धमा।

श्री डोटी जिल्ला स्थित सम्पूर्ण
स्थानीय तहहरु।

प्रस्तुत विषयमा विद्यालय शिक्षालाई प्रभावकारी र व्यवस्थित रुपमा संचालन गर्न शिक्षा नियमावली २०५९ (दशौं संशोधनसहित) मिति २०८३।०३।२५ गतेदेखि कार्यान्वयनमा रहेको सर्वविदिदै छ। सो नियमावलीमा भएको तपसिल बमोजिमको नियमलाई तत्काल कार्यान्वयन गरी सोको जानकारी यस एकाइमा दिनहुन सादर अनुरोध गरिन्छ।

२०८३।४।२६
... प्रसाद पनेरु
... /एकाइ प्रमुख

तपसिलः

१. नियम २९ को (ज) मा व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्ने व्यवस्था अन्तर्गत विद्यालय व्यवस्थापन समिति गठन हुनुभन्दा कम्तीमा पाँच बर्ष अगाडि देखि कुनै राजनैतिक दलको सदस्यता नलिएको।
२. नियम ९३ मा भएको प्रधानाध्यापक सम्बन्धी व्यवस्थालाई सोही अनुसार कार्यान्वयन गर्ने।

बोधार्थ

श्री जिल्ला स्थित सम्पूर्ण सामुदायिक विद्यालयहरुः- आवश्यक कार्य प्रक्रिया गर्न हुन्।

"व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन"